# फाल्गुनन्द राजपत्र

फाल्गुनन्द गाउँपालिका द्धारा प्रकाशित

खण्ड-९ संख्या-१ मितिः२०८३/०४/०७

भाग-२
फाल्गुनन्द गाउँपालिका
कोशी प्रदेश, नेपाल

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

# फाल्गुनन्द गाउँपालिकाको

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८३

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

## फाल्गुनन्द गाउँपालिकाको

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधी,२०८३

### प्रस्तावनाः

फाल्गुनन्द गाउँपालिका पाँचथरको क्षेत्रभित्र आवश्यक शान्ति, सु-व्यवस्था तथा अमनचयन कायम गर्दै गाउँपालिका भित्रको सार्वजनिक सम्पतिको संरक्षण एवं सुरक्षा गर्न, गाउँकार्यपालिकाका निर्णयहरू सहज र प्रभावकारी रूपमा कार्यन्वयन गर्न, विपदको प्रभावकारी व्यवस्थापन गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न, स्थानीय हाटबजारको व्यवस्थापन गर्नका लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (क) (१) को व्यवस्था लाई कार्यन्वयन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " फाल्गुनन्द गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि फाल्गुनन्द गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनुपर्दछ।

(ख) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका फाक्तेप, पाँचथरलाई सम्झनुपर्दछ।

(ग) "सभा" भन्नाले फाल्गुनन्द गाउँपालिकाको सभालाई सम्झनुपर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले फाल्गुनन्द गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले फाल्गुनन्द गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) "नगर प्रहरी प्रमुख" भन्नाले गाउँपालिकाले नगर प्रहरी प्रमुखको रूपमा तोकेको नगर प्रहरी लाई सम्झनुपर्दछ।



देवी तुम्बापो
प्रशासकीय अधिकृत

(झ) "नगर प्रहरी" भन्नाले गाउँपालिकाले ऐन मा भएको व्यवस्था बमोजिम काम गर्ने गरी करार सेवामा नियुक्ति प्रदान गरेका कर्मचारीहरूलाई सम्झनुपर्दछ। साथै नगर प्रहरी प्रमुखलाई समेत सम्झनुपर्दछ।

(ञ) "समिति" भन्नाले दफा-१२ बमोजिमको पदपुर्ति समितिलाई सम्झनुपर्दछ।

(ट) "तोकिए" बमोजिम भन्नाले गाउँकार्यपालिकाले आवश्यकताका आधारमा गरेका निर्णयलाई सम्झनुपर्दछ ।

परिच्छेद-२

**नगर प्रहरीको क्षेत्राधिकार, सेवा, रेखदेख र नियन्त्रण**

३. **नगर प्रहरीको क्षेत्राधिकारः** (१) नगर प्रहरीको क्षेत्राधिकार फाल्गुनन्द गाउँपालिका फाक्तेप, पाँचथरको क्षेत्रभित्र मात्र रहनेछ।

४. **नगर प्रहरी सेवाको गठनः** गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। नगर प्रहरी सेवा अन्तर्गत विभिन्न पदहरू रहने गरी प्रहरीहरूको दरबन्दी संख्या र पदपुर्ति सम्बन्धी व्यवस्था यो कार्यविधि बमोजिम हुनेछ ।

५. **गाउँपालिकामा रहने नगर प्रहरी को पदः** (१) गाउँपालिकाको भुगोल, जनसंख्या, आन्तरिक आम्दानि र सेवा क्षेत्रलाई मुख्य आधार मानी स्थायी दरबन्दी स्वीकृत नहुन्जेल सम्मका लागी गाउँपालिकामा रहने नगर प्रहरीको पद देहायनुसार रहनेछ। नगर प्रहरी सेवालाई समावेशीताका आधारमा पदपुर्ति गरिनेछ।

जसअनुसारः

(क) नगर प्रहरी सहायक निरिक्षक - १

(ख) नगर प्रहरी हबल्दार – १

(ग) नगर प्रहरी जवान – २

(२) उपदफा (१) अनुसारका पदहरू मध्ये आवश्यकता अनुसारका पदहरू र ति पदहरू अन्तर्गत रहने नगर प्रहरी को स्थायी दरबन्दी र संख्या गाउँसभाको अधिवेशनले स्वीकृत गर्नेछ । सेवा करारमा पदपुर्ति गर्दा उल्लेखित संख्यामा विज्ञापन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत दरबन्दी मध्ये रिक्त भएका पदमा यो कार्यविधि तथा तथा गाउँपालिकाको प्रचलित कानुन बमोजिम पदपुर्ति गर्दा दफा १० बमोजिम पदपुर्ति गर्नुपर्नेछ।

(४) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ छ र त्यस्तो कार्यविवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ।

(५) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिएअनुसार हुनेछ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

६. **नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) नगर प्रहरीको काम, कर्तव्य रअधिकार देहायनुसार रहनेछः

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णयको कार्यन्वयन गर्ने ।

(ख) गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(घ) गाउँपालिकाको सरसफाई मापदण्ड कार्यन्वयन गर्ने ।

(ङ) न्यायिक समितीले गरेका मिलापत्र तथा निर्णयको कार्यन्वयन गर्ने ।

(च) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा र संरक्षण गर्ने ।

(छ) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापना लगायतका काम गर्ने ।

(ज) गाउँपालिका भित्रका अनाधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड हटाउने र व्यवस्थापन गर्ने ।

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने ।

(ञ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ट) कार्यापलिका,अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले तोकेका अन्य कार्य गर्ने ।

(२) नगर प्रहरीको कार्यविवरण तयार गर्दा उपदफा (१) मा व्यवस्था भएका काम, कर्तव्य र अधिकारलाई आधार मानिनेछ ।

(३) नगर प्रहरीले कारबाही गर्दा असुल गर्ने जरिवाना तथा शुल्क सम्बन्धी व्यवस्था गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद-४

## दरबन्दी सिर्जना र पदपुर्ती सम्बन्धी व्यवस्था

७. **पद तथा दरबन्दी सिर्जना सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकामा रहने नगर प्रहरीको स्थायी पद/तह तथा दरबन्दीको सृजना O&M गरि व्यवस्था गरिनेछ ।

(२) स्थायी दरबन्दी सिर्जना तथा खारेजीको लागी प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद श्रीजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आन्तरिक आम्दानी तथा प्रस्तावित पदले संगठनात्मक स्वरूपमा पर्ने प्रभाव समेतका विषयहरू स्पष्ट गरी सभाको अधिवेशनमा पेश गर्नुपर्नेछ ।

८. **नगर प्रहरीको शुरू नियुक्ति हुने पदहरूः** स्थायी रूपमा पदपुर्ती गर्दा नगर प्रहरी हबल्दार र नगर प्रहरी जवानका पदहरूमा दफा १० बमोजिम खुला प्रकृयाद्वारा पूर्ति गरिनेछ । अन्य पदहरूमा आन्तरिक मूल्याङ्कनद्वारा पदपुर्ती गरिनेछ ।

९. **नियुक्ति गर्ने अधिकारीः** नगर प्रहरी छनौट तथा सिफारीस समितीको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले नगर प्रहरीको नियुक्ती गर्नेछ ।

१०. **पदपुर्ति गर्ने तरिकाः** (१) नगर प्रहरीको पदपुर्ति देहाय बमोजिम गरिनेछ ।

| क्र.सं. | पद | खुला प्रकृयाद्वारा | आन्तरिक मूल्याङ्कनद्वारा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | १००% | - | १००% | |
| २ | नगर प्रहरी हबल्दार | - | १००% | १००% | |
| ३ | नगर प्रहरी जवान | १००% | - | १००% | |

खुला प्रकृयाद्वारा पदपुर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन यथासम्भव प्रयत्न गरिनेछ ।

११. **खुला प्रकृयाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः** नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हबल्दार र नगर प्रहरी जवानको पदमा दरखास्त दिनको लागी देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछः

(१) नगर प्रहरी सहायक निरिक्षक पदको लागी आवश्यक योग्यता देहायनुसार हुनुपर्नेछः

(क) दरखास्त आव्हान भएको सालको बैशाख १ गते १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । तर प्रहरी, सेना वा अन्य स्थानीय तहबाट नगर प्रहरीको सेवाबाट अवकाश भएको कर्मचारीको हकमा ४५ वर्ष ननाघेको ।

(ख) बार्ह कक्षा वा सो सरहको परीक्षा उतिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरूको हकमा घटीमा ५ फिट र पुरूषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको ।

(ङ) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त भएको ।

(२) नगर प्रहरी जवानमा खुला प्रकृयाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहायनुसार हुनेछः

(क) दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

(ख) शिक्षण संस्थाबाट कक्षा आठ वा सो सरहको परीक्षा उतिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरूको हकमा घटीमा ५ फिट र पुरूषहरूको हकमा घटीमा ५ फिट २ ईन्च उचाई भएको ।

(ङ) छाती नफुलाउँदा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

१२. **पदपुर्ति समिती**: नगर प्रहरीको पदपूर्तिको लागी देहाय बमोजिम पदपूर्ति समिती रहनेछ ।

(क) संयोजक – ईलाका प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी

(ख) सदस्य – नगर प्रहरी सेवा सञ्चालनमा रहेको छिमेकी स्थानीय तहको नगर प्रहरी प्रमुख वा निजले तोकेको कम्तिमा अधिकृतस्तरको नगर प्रहरी

(ग) सदस्य – फाल्गुनन्द आधारभुत अस्पतालको प्रमुख वा निजले तोकेको स्वास्थ्यकर्मी

(घ) सदस्य सचिव – प्रशासन शाखा प्रमुख

**१३. पदपुर्ति समितीको काम कर्तव्य र अधिकारः पदपुर्तिको समितीको काम कर्तव्य र अधिकार देहायनुसार हुनेछः**

(क) कार्यपालिका वैठकमा सेवा करारमा लिने निर्णय भएपछि पदपुर्तिको लागी कम्तिमा ७ दिनको र बढिमा १५ दिनको दरखास्त आव्हानको सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ ।

(ख) सूचना बमोजिम पर्न आएको दरखास्त छानबिन गरी शारीरिक तथा शैक्षिक योग्यता, उमेर लगायत आवश्यक कागजात तथा परीक्षा शुल्क समेत संलग्न भए नभएको यकिन गरी छोटो सूची प्रकाशन गर्ने ।

(ग) समितीले उम्मेद्वार हरू बिच निष्पक्ष र स्वच्छ प्रतिस्पर्धा गरी सेवा करारमा नियुक्तिका लागी सिफारिस गर्ने ।

(घ) अन्य तोकिएबमोजिमका कार्य गर्ने ।

१४. **योग्य उम्मेद्वार छनौटको लागी अंक विभ्राजन**: (१) छोटो सूचिमा छनौट भएका उम्मेद्वारहरू मध्ये देहाय बमोजिम १०० अङ्क पूर्णाङ्क कायम गरी योग्य उम्मेद्वार छनौट गर्नुपर्नेछ ।

(क) शारीरिक परीक्षणः१० अंकको हुनेछ । दफा ११ (१) र (२) मा तोकिए बमोजिमका शारीरिक योग्यताका आधारम अङ्क प्रदान गरिनेछ ।

(ख) लिखित परिक्षाः४० अङ्कको हुनेछ । जसमा २ अङ्कभारका २० वटा वस्तुगत प्रश्नहरू रहनेछन् ।

(ग) शैक्षिक योग्यताः ५ अङ्कको हुनेछ । तोकिएभन्दा माथिल्लो शैक्षिक योग्यता भएमा प्रति तह एक अङ्क थप हुनेछ ।

(घ) अन्तर्वाताः ४५ अङ्कको हुनेछ। जसमा बढिमा ७० प्रतिशत र कम्तिमा ३५ प्रतिशतको सीमा भित्र रही अङ्क प्रदान गर्नु पर्नेछ।

१५. **परीक्षा दस्तुरः** (१) दरखास्त पेश गर्ने उम्मेद्वारले आवेदन दिन सकिने अवधि भित्र देहाय बमोजिम परीक्षा दस्तुर गाउँपालिकामा जम्मा गरेको रसिद वा बैंक भौचर आवेदन साथ संलग्न गर्नु पर्नेछ।

| क्र.सं. | पद | परीक्षा दस्तुर |
|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | ५००।- |
| २ | नगर प्रहरी हबल्दार | ४००।- |
| ३ | नगर प्रहरी जवान | ३००।- |

१६. **सेवा करार सम्बन्धी व्यवस्थाः** (१) मितीले खुला प्रकृयाद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका उम्मेद्वारहरूलाई निजहरूको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्तिका गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारीस गर्नेछ।

(२)उपदफा (१) बमोजिम सिफारीस भै आइका उम्मेद्वारहरूलाई गाउँपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकिय अधिकृतले सेवाका शर्तहरू स्पष्ट उल्लेख गरी सेवा करारमा लिने उम्मेद्वारसंग स्थायी नियुक्ति नभएसम्मको लागी सेवा करार सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै व्यवस्था भएतापनि सेवा करार गरिएको नगर प्रहरीलाई करार सेवामा राख्न नसकिने परिस्थिति सिर्जना भएमा हटाउन सकिनेछ।

## परिच्छेद-५
## विदा सम्बन्धी व्यवस्था

१७. **विदा सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरीले पाउने विदा सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेक) वाहेक मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन्।

(२) बिदा सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानुन बमोजिम हुनेछ।

१८. **विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही**: विदा स्वीकृत नगरी कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी गयल गरी तलब कट्टि गरिनेछ ।

## परिच्छेद – ६

## आचरण

१९. **नगर प्रहरीको आचरण**: नगर प्रहरीले देहायको आचरणको पालना गर्नुपर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी अनुचित काम नगर्ने ।

(ख) जिम्मेवारी पालना गर्ने क्रममा कोही कसैबाट दान, वक्स, पुरस्कार वा उपहार स्वीकार गर्ने । तर कार्यालयको पुर्व स्वीकृतीमा लिन सकिने ।

(ग) कुनै किसिमको चन्दा माग्न वा लिन नहुने ।

(घ) प्रचलित कानुन बमोजिम सम्पति विवरण बुझाउने ।

(ङ) कर्तव्य पालनाको क्रममा कार्यालयको महत्वपूर्ण र गोप्य सूचनाहरू अनाधिकृत रूपमा सम्प्रेषण नगर्ने ।

(च) समयको सहि पालना गर्ने ।

## परिच्छेद-७

## सजाँय र पुनरावेदन

२०. **सजाँय**: (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारीसमा नगर प्रहरीलाई प्रमुख प्रशासकिय अधिकृतले देहाय बमोजिम सजाय गर्न सक्नेछः

(क) लिखित चेतावनी दिने ।

(ख) तलब कट्टा गर्ने ।

(ग) लापरबाहीको कारण गाउँपालिकालाई आर्थिक क्षति भएमा सरकारी बाँकी सो सरह असुल उपर गर्ने ।

(घ) सेवाबाट बरखास्त गर्नेः सेवाबाट हटाउनुपर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रकृयाबाट सजाय गरी सेवाबाट हटाउन सकिनेछ ।

## परिच्छेद-८

## तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

२१. **नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकामा सेवा करारमा नियुक्ती हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलब्ध गराईनेछ ।

(२) अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) नगर प्रहरीलाई तलब सुविधाको अतिरिक्त आवास तथा कार्यालय प्रयोजनका लागी कार्यक्ष उपलब्ध गराईनेछ ।

(४) नगर प्रहरीले अन्य कर्मचारी सो सरह चाडपर्व खर्च वर्षमा एकपटक पाउनेछ ।

२२. **नगर प्रहरीको पोशाक सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले नगर प्रहरीले लगाउने पोशाकको रंग,किसिम, ड्रेस कोड तोकि दिन सक्नेछ ।

(२) गाउँपालिकाले नगर प्रहरीलाई वर्षको एकपटक पोशाक भत्ता उपलब्ध गराउनेछ । सो सम्बन्धी अन्य व्यवस्था गाउँपालिकामा कार्यरत अन्य कर्मचारी सो सरह हुनेछ ।

(३) यस दफा बमोजिम तोकिएको पोशाक प्राप्त गर्ने नगर प्रहरीले अनिवार्य रूपमा पोशाक लगाउनुपर्नेछ ।

## परिच्छेद-९

## विवध

२३. **तालिम सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरीलाई आधारभुत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजगी तालिम उपलब्ध गराईनेछ ।

(२) तालिमको लागी आवश्यक पाठ्यक्रम विज्ञ समुहद्वारा बनाईनेछ ।

(३) प्रत्येक पदमा कार्यरत नगर प्रहरीले अनिवार्य रूपमा तालिम लिनुपर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **उमेर हदः** नगर प्रहरीलाई निजको उमेर ५८ वर्ष पुरा भएपछि निजलाई सेवा करारमा निरंन्तरता दिईनेछैन ।

२५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यन्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आई परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यापलिकालाई हुनेछ ।

२६. **संशोधन र खारेजीः**गाउँ कार्यपालिकाले यो कार्यविधिलाई आवश्यकता अनुसार मनासिव ठहरिएमा जुनसुकै दफामा संशोधन र खारेजी गर्न सक्नेछ । त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशान भएपछि लागु हुनेछ ।

२७. **ऐन बनाउन सक्नेः**गाउँसभाले नगर प्रहरी सेवा लाई स्थायी पदपुर्ति प्रकृयामा लाँदा यस कार्यविधिलाई आधार बनाउन सक्नेछ ।

देवी तुम्बापो
प्रशासकीय अधिकृत